**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग समूह, चौथो तहको ना.प्रा.स. वा सो सरहको पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**पाठ्यक्रमलाई निम्नानुसार विभाजन गरिएको छ :**

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| **प्रथम** | लिखित परीक्षा (वस्तुगत) | १०० |
| **द्वितीय** | लिखित परीक्षा (विषयगत) | १०० |
| **अन्तिम** | अन्तर्वार्ता | ३० |

**परीक्षा योजना (Examination Scheme)**

**१. प्रथम चरण (First Phase)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सेवा सम्बन्धी विषय | १०० | ४० | वस्तुगतः बहुवैकल्पिक प्रश्न (MCQs) | ५० प्रश्न X २अङ्क | ४५ मिनेट |

**२. द्वितीय चरण ( Second Phage)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| द्वितीय | सेवा सम्बन्धी विषय | १०० | ४० | विषयगत (Subjective) | लामो उत्तरात्मक ५ प्रश्न X १०= ५० छोटो उत्तरात्मक १० प्रश्न X ५= ५० | २ घण्टा ३० मिनेट |

**३. अन्तिम चरणः- अन्तर्वार्ता (Interview)**

| विषय | पूर्णाङ्क | परीक्षण प्रणाली | समय |
|---|---|---|---|
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ३० | मौखिक (Oral) | - |

**द्रष्टव्यः-**

१. यो पाठ्यक्रम योजनालाई **प्रथम चरण (लिखित परीक्षाः वस्तुगत), द्वितीय चरण (लिखित परीक्षाः विषयगत) तथा अन्तिम चरण (अन्तर्वार्ता)** गरी तीन चरणमा विभाजन गरिएको छ।

२. **प्रश्न पत्र नेपाली वा अंग्रेजी भाषामा हुनेछ।**

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिने छ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

५. परीक्षा हलमा मोबाइल फ़ोन, स्मार्ट वाच, हेडफ़ोन वा यस्तै प्रकारका विद्युतीय उपकरण, पुस्तक, नोटबुक, झोला लगायतका वस्तुहरू लैजान पाईने छैन ।

६. विषयगत प्रश्नका लागि तोकिएका अङ्कका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुईभन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्नअन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिनेछ।

७. परीक्षामा सोधिने प्रश्न संख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिइए अनुसार हुनेछ।

८. द्वितीय पत्र (विषयगत प्रश्न हुने पत्र)का हकमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरूको उत्तर सोही खण्डको उत्तर पुस्तिकामा लेख्नु पर्नेछ।

९. प्रथम र द्वितीय पत्रका पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रशनहरुको संख्या देहाय अनुसार हुनेछः

| प्रथम पत्रका ईकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रश्न संख्या | ८ | ७ | ७ | ७ | ७ | ७ | ७ | ५० |
| अङ्क भार | १६ | १४ | १४ | १४ | १४ | १४ | १४ | १०० |
| द्वितीय पत्र खण्ड | क | | | ख | | | | |
| द्वितीय पत्रका ईकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| लामो उत्तर प्रश्न | १ | १ | १ | १ | १ | ० | ० | ५ |
| छोटो उत्तर प्रश्न | २ | १ | १ | १ | १ | २ | २ | १० |
| अङ्क भार | २० | १५ | १५ | १५ | १५ | १० | १० | १०० |

१०. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/ विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भइ हटाइएका वा थप गरी संशोधन भएका) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

११. **प्रथम चरण (First Phase) को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरण (Second Phase) को लिखित परीक्षामा सम्मिलित गराइनेछ।**

१२. लिखित परीक्षाको प्रथम चरण (First Phase) मा प्राप्त गरेको प्राप्ताङ्कको **शत प्रतिशत अङ्क** तथा द्वितीय चरण (Second Phase) को प्राप्ताङ्क जोडी कूल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ।

१३. लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूलाई मात्र अन्तिम चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

१४. लिखित परीक्षा र अन्तिम चरणको अन्तर्वार्ताको कूल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१५. पाठ्यक्रम लागू मितिः- **२०८०/०२/०५**

**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग समूह, चौथो तहको ना.प्रा.स. वा सो सरहको पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**प्रथम र द्वितीय पत्रः सेवा सम्बन्धी**

**खण्डः क**

**१. कृषि सम्बन्धी**

१.१ नेपालको संविधानमा कृषि र खाद्य सुरक्षा सम्बन्धी व्यवस्था
१.२ प्रदेश निजामती सेवा सम्बन्धी कानुनी व्यवस्थाको सामान्य जानकारी
१.३ स्थानीय सरकार संचालन ऐन, २०७४
१.४ संघ प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७
१.५ राष्ट्रिय कृषि नीति, २०६१ तथा कृषि व्यवसाय प्रवर्धन नीति, २०६३
१.६ प्रादेशिक आवधिक योजनामा कृषि क्षेत्रको प्राथमिकता, लक्ष्य, उद्देश्य, कार्यक्रम एवं कार्यान्वयन रणनीति र उपलब्धीहरु
१.७ कृषि विकास रणनीति (२०१५-२०३५) र यसका प्रमुख विशेषताहरु
१.८ वर्तमान संघीय. प्रादेशिक र स्थानीय तहमा कृषि सेवाको संरचना
१.९ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
१.१० कृषि विकास कार्यक्रम तर्जुमाका आधार र एकीकृत प्रसार सेवा कार्यक्रम
१.११ कृषि उत्पादन सामग्रीहरु (बीउ विजन, मल, सिँचाइ, कृषि औजार, रासायनिक र जैविक विषादी, सुक्ष्म खाद्य तत्व तथा हर्मोन) को व्यवस्था र प्रयोग
१.१२ उत्पादित कृषि वस्तुहरुको बजार व्यवस्था, उत्पादन लागत र बिक्रि मूल्य निर्धारण
१.१३ कृषि विकासमा सरकारी, सहकारी, निजी क्षेत्र तथा महिला एवं युवाहरुको भूमिका
१.१४ प्रादेशिक एवम् राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान र प्रमुख समस्याहरु
१.१५ कृषि वस्तुहरुको उत्पादनोपरान्त (Post-harvest) हुने क्षति र क्षति कम गर्ने उपायहरु
१.१६ प्राङ्गारिक कृषि उत्पादनका सिद्धान्त र प्रमाणीकरण सम्बन्धी व्यवस्था
१.१७ कृषि उपजको स्वच्छता (Safety) र प्रमाणीकरण
१.१८ कृषि तथ्याङ्क, अनुगमन एवं मूल्याङ्कनको महत्व
१.१९ कृषि क्षेत्रमा बाली बीमा सम्बन्धी व्यवस्था
१.२० कृषि आधुनिकीकरण, व्यवसायीकरण र औद्योगीकीकरण वारे सामान्य जानकारी
१.२१ प्राकृतिक प्रकोप (बाढी, पहिरो, असिना, तुषारो, खडेरी), जलवायु परिवर्तन (तापक्रम र वर्षा) को असर तथा अनुकुलन र न्यूनीकरणका उपायहरु
१.२२ दिगो कृषि विकासका सिद्धान्तहरु
१.२३ कृषि क्षेत्र एवं कृषि विकास कार्यक्रममा प्रदेश र स्थानीय तहहरुको भूमिका

## २. बागवानी

२.१ बागवानी (हर्टिकल्चर) को परिभाषा र यसका शाखाहरु

२.२ बागवानी विकासको आवश्यकता र सम्भावना (विशेषत कोशी प्रदेशको परिप्रेक्ष्यमा)

२.३ फलफूल र तरकारी बालीहरुको वर्गीकरण

२.४ राष्ट्रिय तथा प्रादेशिक जलवायु क्षेत्र (Climatic zones) र विभिन्न क्षेत्रमा गरिने फलफूल खेती

२.५ करेसावारी (Kitchen garden) को महत्व र स्थापना

२.६ बगैंचा स्थापना : जग्गाको तयारी, बगैंचाको रेखाङ्कन, खाडल खन्ने, बोट लगाउने दूरी र तरीका, बार बन्देज तथा वायु अवरोधक विरुवाहरु

२.७ तरकारी बालीको उत्पादन :

- २.७.१ आलु (Potato)
- २.७.२ काउली समूह (Cole crops)
- २.७.३ फल समूह (Fruit vegetables)
- २.७.४ जरे बाली समूह (Root crops)
- २.७.५ गानो बाली समूह (Bulb crops)
- २.७.६ फर्सी समूह (Cucurbits)
- २.७.७ सागपात समूह (Leafy vegetables)
- २.७.८ कोशे बाली समूह (Leguminous vegetables)

२.८ फलफूल बोटको प्रसारण

- २.८.१ बिउबाट प्रसारण (Sexual propagation)
- २.८.२ वानस्पतिक प्रसारण (Vegetative propagation): कटिङ्ग, लेयरिङ्ग, ग्राफ्टिङ्ग, बडिङ्ग

२.९ फलफूल, औद्योगिक बाली तथा तरकारीको नर्सरी स्थापना र व्यवस्थापन

२.१० बगैंचाको प्रबन्ध : माटोको प्रबन्ध, प्राङ्गारिक तथा रासायनिक मलको प्रयोग विधिहरु, सिंचाइ र निकास, अन्तरबाली, मल्चिङ्ग (छापो)

२.११ फलफूल बोटको तालिम र काँटछाँट (Training and pruning) को महत्व र तरीकाहरु

२.१२ फलफूल खेती प्रविधि : आँप, सुन्तला जात (Citrus), किवी, स्याउ, ओखर, नास्पाती, भूइँकटहर, अम्वा, मेवा, केरा, अंगुर र एभोकाडो लगायतका अन्य व्यावसायिक महत्वका फलफूल बालीहरु

२.१३ बेमौसमी तरकारी उत्पादन

२.१४ तरकारी बीउ उत्पादन प्रविधि : काउली, मूला, गोलभेंडा, केराउ, फर्सी आदि

२.१५ विउ आलु उत्पादन प्रविधि (TPS & PBS)

२.१६ बागवानीजन्य बालीहरुको उत्पादनोपरान्त क्षति नियन्त्रण

२.१७ फलफूल, तरकारी, आलु तथा मसला बालीका प्रमुख जातहरु

२.१८ चिया, कफी, अलैची, अदुवा र बेसार खेती (विशेषत कोशी प्रदेशको परिप्रेक्ष्यमा)

२.१९ बागवानीजन्य उत्पादित वस्तुहरुको बजार व्यवस्था (विशेषत कोशी प्रदेशको परिप्रेक्ष्यमा)

२.२० सुन्तलामा ह्रास (Citrus decline) तथा समाधानका उपाय

२.२१ तरकारी बालीमा वर्णशंकर जातहरुको प्रयोग

## ३. कृषि प्रसार

३.१ कृषि प्रसारः- परिचय, अवधारणा, सिद्धान्त, महत्व र विशेषताहरु

३.२ कृषि प्रसार कार्यकर्ता र निजमा हुनुपर्ने गुणहरु

३.३ नेपालमा सञ्चालन भएका विभिन्न कृषि प्रसार पद्धतिहरु

३.४ नेपालमा सञ्चालित विभिन्न कृषि प्रसार तरिकाहरु र तिनीहरुको सञ्चालन विधि

३.५ अगुवा कृषक तथा कृषक समूहको परिचय, महत्व एवं कृषि प्रसारमा अगुवा कृषकको भूमिका

३.६ कृषक समूह गठन प्रक्रिया एवं प्रभावकारी परिचालन, कृषक समूह मार्फत कृषि प्रसार कार्य सञ्चालन

३.७ कृषि प्रसारमा स्थानीय नेतृत्वको भूमिका

३.८ Innovation, diffusion and adopters' categories

३.९ कृषि सञ्चार र प्रविधि प्रसारणमा श्रव्यदृश्य सामग्री, मोवाइल एप्लिकेशन र किसान कल सेन्टर

३.१० कृषि तालिमको महत्व, तालिमको आवश्यकता पहिचान र प्रभावकारी तालिम सञ्चालनका आधारहरु

**खण्डः ख**

## ४. बाली विज्ञान

४.१ बाली विज्ञानको परिभाषा र बाली विकासको महत्व (विशेषत कोशी प्रदेशको परिप्रेक्ष्यमा)

४.२ नेपालमा लगाइने खाद्यान्न, दलहन, तेलहन तथा औद्योगिक बालीहरुको वैज्ञानिक वर्गीकरण र नामाकरण

४.३ नेपालको विभिन्न आबहवा (Agro Climatic Zone) का लागि विगत पाँच वर्षमा सिफारिस गरिएका धान, मकै, गहुँ, ऊखु, जुट, मुसुरो, र तोरी बालीका जात, तिनीहरुको पाक्ने अवधि, सरदर उत्पादन क्षमता, सिफारिस क्षेत्र र मुख्य विशेषताहरु

४.४ बीउको परिभाषा, प्रमाणीकरण र यर्थाथ संकेतपत्र (Truthful Labelling) पद्धतीअनुसार बीउको पुस्ताहरुको नाम एवम् पुस्ता जनाउने ट्यागको रंङ्ग

४.५ गुणस्तरीय बीउ उत्पादन र उत्पादनोपरान्त गुणस्तर कायम राख्न अपनाउनुपर्ने विधिहरु

४.६ धान, मकै, गहुँ, उखु, जुट, मुसुरो, र तोरी बालीहरुको उन्नत खेती प्रविधि

४.७ नेपालको विभिन्न क्षेत्रमा प्रचलित बाली चक्र तिनको महत्व, उदाहरणहरु (कोशी प्रदेश विशेष)

## ५. बाली संरक्षण

५.१ प्रादेशिक एवम् राष्ट्रीय महत्वका खाद्यान्न, नगदे, तरकारी एवं फलफूल बालीका प्रमुख रोग, किरा, मुसा एवं झारपातको नाम, पहिचान, नोक्सानी, लक्षण एवं रोकथाम प्रविधि

५.२ स्वच्छ तथा स्वस्थ वाली उत्पादनका लागि गरिने एकीकृत शत्रुजीव व्यवस्थापन (IPM), असल कृषि अभ्यास (GAP) लगायतका अन्य पद्धतिहरुको परिचय, सिद्धान्त र महत्व

५.३ कृषि उत्पादनहरुको संचय लगायतका उत्पादनोपरान्त गरिने क्रियाकलापहरु, रोगकिरा व्यवस्थापनको महत्व र यस क्षेत्रमा उपलब्ध प्रविधिहरु

५.४ बाली संरक्षण प्रयोगशालामा निदान सेवाका लागि प्रयोग हुने सामान्य विधिहरु

५.५ रोग, किरा एवं झारपात तथा यिनको प्राकृतिक शत्रुहरु (मित्रजीव) जानकारी र उपयोगिता

५.६ उन्नत मौरी पालन प्रविधि, मह उत्पादन, प्रशोधन तथा बजारीकरण, रेशम किरा पालन तथा किम्वु खेती बारे सामान्य जानकारी

५.७ नेपालमा खेती गरिएका च्याउका प्रजाती र कन्ये तथा गोब्रे च्याउ खेती प्रविधि

५.८ रोग किरा व्यवस्थापनमा Plant quarantine को भूमिका

५.९ जीवनाशक विषादी ऐन, २०७६ र जीवनाशक विषादी नियमावली, २०७६ का विशेषताहरु

५.१० विरुवा संरक्षण ऐन, २०६४ र विरुवा संरक्षण नियमावली २०६६ का विशेषताहरु

५.११ नेपालमा प्रतिबन्ध गरिएका विषादीहरु, विषादीको सुरक्षित प्रयोग र विषादी अवशेष द्रुत विश्लेषण

५.१२ जैविक, वानस्पतिक तथा रासायनिक विधिबाट बाली संरक्षण

## ६. कृषि अर्थशास्त्र

६.१ कृषि अर्थशास्त्रको परिचय र कृषि विकासमा यसको महत्व

६.२ माग तथा आपूर्तिको परिचय र नियम

६.३ बजारमुखी कृषि उत्पादन योजनाको अवधारणा

६.४ कृषि विकासमा बजारको महत्व

६.५ फार्मगेट, थोक तथा खुद्रा मुल्यको अवधारणा

६.६ समूह बजार, हाट बजार, सहकारी बजारको परिचय, वर्तमान स्थिति र कृषि विकासमा यसको महत्व

६.७ खाद्य तथा पोषण सुरक्षाको अवधारणा

६.८ उत्पादन लागतको परिचय र तुलनात्मक लाभका बालीहरुको पहिचानमा यसको भूमिका

६.९ प्राथमिक तथ्यांक (Primary data) र सहायक तथ्यांक (Secondary data) को परिचय तथा श्रोतहरु एवं तथ्यांक संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरु

६.१० क्रप कटिङ्ग र यसको महत्व

६.११ कृषि उद्यम (Agri-business) को परिचय र नेपालमा यसका सम्भावनाहरु

६.१२ नेपालमा वस्तुगत कृषि उपजहरुको बजार प्रणाली बारे जानकारी

६.१३ कृषिवस्तुमा मूल्य श्रृंखला विकासको परिचय तथा महत्व

## ७. माटो व्यवस्थापन

७.१ माटोको परिभाषा, माटो निर्माणको प्रक्रिया र नेपालको माटोवारे संक्षिप्त जानकारी

७.२ माटोका गुणहरु

- ७.२.१ भौतिक गुण - माटोको बनोट, बुनोट ,घनत्व, रंग, ,माटोका पानी धारण गर्ने क्षमता
- ७.२.२ रसायनिक गुण - माटोको प्रतिक्रिया (पि.एच.) , प्रांगारिक पदार्थ र यसको महत्व, कार्बन, नाईट्रोजन अनुपात
- ७.२.३ जैविक गुण - राईजोबियम र एजोटोव्याक्टर
- ७.२.४ अम्लीय र क्षारीय माटोको सुधार किन र कसरी

७.३ बिरुवालाई आवश्यक निम्न खाद्यतत्वहरुको काम र यिनको कमी हुँदा देखिने लक्षण र रोकथामका उपायहरु

७.३.१ मुख्यतत्वहरु - नाईट्रोजन, फस्फोरस र पोटास

७.३.२ सहायक तत्वहरु - क्याल्सियम, म्याग्नेसियम र गन्धक

७.३.३ सूक्ष्मतत्वहरु - फलाम, तामा, जस्ता, म्याग्नेज, मोलिवडेनम, सुहाग (बोरोन) र क्लोरिन

७.४ मल र मलखाद

७.४.१ प्रांगारिक मलहरु (कम्पोष्ट मल, गोठेमल, भर्मिकम्पोष्ट, सूक्ष्म जैविक मल, कुखुराको मल, हरियो मल, बायोग्याँस लेदोको मल) , निर्धारित मापदण्डहरु |

७.४.२ रसायनिक मलहरु (नाइट्रोजनयुक्त, फस्फोरसयुक्त, पोटासयुक्त, मिश्रित र यौगिक, सहायक खाद्यतत्वयुक्त, सूक्ष्मतत्वयुक्त)

७.४.३ मलको मात्रा निकाल्ने तरिका

७.४.४ मलको प्रकृति, प्रयोग समय र प्रयोग गर्ने तरिकाहरु

७.४.५ मल नियन्त्रण आदेश २०५५ बारे जानकारी |

७.५ माटो जाँच सेवाः

७.५.१ माटोको नमूना लिने तरिकाः किन, कहिले र कसरी

७.५.२ माटो जाँचको लागि माटोको तयारी

७.५.३ Kit box बाट नाईट्रोजन, फस्फोरस, पोटास तथा पि.एच. पत्ता लगाउने तरिका

७.६ माटो शिविर र यसको महत्व, घुम्ती माटो परीक्षण प्रयोगशालाबाट माटो जाँच

७.७ माटोको उर्वराशक्ति कायम राख्ने र बाली उत्पादनमा यसको व्यवस्थापन र महत्व

७.८ भू-क्षय (Soil erosion) र यसको कारण, प्रकार तथा व्यवस्थापन

## नमूना प्रश्न वस्तुगत (Sample Question: MCQs)

१. रेशम किराले काँचुली फेर्ने प्रक्रियालाई के भनिन्छ ?

क. Breeding ख. Hatching ग. Molting घ. Rearing

२. अम्लिय माटो सुधार गर्न के गर्नुपर्छ?

क. कृषि चुनको प्रयोग ख. युरियाको प्रयोग

ग. एमोनियम सल्फेटको प्रयोग घ. पोटासको प्रयोग

३. कति कठ्ठाको एक हेक्टर हुन्छ?

क. १० ख. १५ ग.२० घ. ३०

## नमूना प्रश्न विषयगत (Sample Question: Subjective)

१. कोशी प्रदेशको तराई क्षेत्रमा माटोको उर्वराशक्ति बढाउने उपायहरुको बारेमा छोटकरीमा लेख्नुहोस । (५)

२. बजारमुखी उत्पादन योजना भनेको के हो ? कृषि व्यवसायिकीकरणमा बजारमुखी उत्पादन योजनाको महत्ववारे बुदाँगत रुपमा लेख्नुहोस । (१+४)

३. तराई क्षेत्रका लागि सिफारिस गरिएका तीनवटा वर्षे धानका जातहरुको नाम लेख्नुहोस । धानको वीउ उत्पादन ताथ उत्पादन पश्चात बीउको गुणस्तर कायम गर्न अपनाउनु पर्ने विधिहरुको बारेमा संक्षेपमा उल्लेख गर्नुहोस । (३+७)

४. कोशी प्रदेशको मध्य पहाडी क्षेत्रमा सम्भाब्य फलफूलवालीहरु के के हुन ? सुन्तलाजात बालीमा लाग्ने फलको झिंगा ब्यवस्थापनका विभिन्न विधिहरुको बारेमा लेख्नुहोस । (२+८)